# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चक्रघट्टी, सुनसरी
## कोशी प्रदेश

**ठेक्काको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

सुचना प्रकाशित मिति : २०८०।०१।६

चालु आर्थिक बर्ष २०७९/८० का लागि बराहक्षेत्र नगरपालिका सुनसरीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम लगाउन पाउने आन्तरिक श्रोतका कर दस्तुर बिक्री मुल्य बाँकी अवधिका लागि ठेक्का बन्दोबस्तको माध्यमद्धारा संकलन गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समय भित्र दरभाउ पत्र खरिद गरी १६ औं दिन १२:०० बजे सम्म शिलबन्दी दरभाउ पत्र कार्यालयको शर्तहरु र बन्देजको अधिनमा रहि दरभाउपत्र फारम दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सूचना बमोजिमको दरभाउपत्र फारम यस नगरपालिकाको कार्यालय, चक्रघट्टीको राजश्व शाखामा राजश्व दस्तुर ( दस्तुर फिर्ता नहुने गरि) तिरी खरिद गर्न र बुझाउन सकिने छ ।

**ठेक्का विवरण :**

| क्र.सं. | ठेक्का नम्बर | खोलाहरुको नाम | खोलाको बिबरण | न्यूनतम ठेक्का अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र फारम दस्तुर ( फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ६/०७९-८० | सर्दु खोला, बराहक्षेत्र नपा, वडा नं ५, सुनसरी | ढुङ्गा, गिट्टी, मिक्स गिट्टी, संकलन एवं बिक्री स्वीकृत प्रतिवेदनमा तोकिए बमोजिम नाकाहरु | १,००,१५,७१०।०० | ३,०००।०० | |
| २ | ७/०७९-८० | पटनाली खोला, बराहक्षेत्र नपा, वडा नं १ र २ | | ३५,५५,९११।०० | ३,०००।०० | |
| ३ | ८/०७९-८० | कोकाह खोला, बराहक्षेत्र नपा, वडा नं १ | | १८,१६,७५८।०० | ३,०००।०० | |

**शर्त तथा जानकारीहरु :-**

१. कर असुली सम्बन्धी विवरण तथा दररेट र ठेक्का पट्टा सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखामा ( ९८४२०५५१०६) सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्र दाताले शिलबन्दी खामको बाहिर राजश्व ठेक्का नं., ठेक्काको नाम प्रष्ट बुझिने गरी छुट्टा छुट्टै खाममा कार्यालयले दिएको समय सिमाको अधिनमा रहि कार्यालयमा पेश गर्नु पर्नेछ । साथै खाममा दरभाउपत्र दाताको विवरण (नाम ठेगाना र छाप भए सो समेत) र बराहक्षेत्र नगरपालिकाको कार्यालय, चक्रघट्टी, सुनसरी समेत उल्लेख गर्नु पर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.कर.दर्ताको प्रतिलिपी, आ.व.२०७८।७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । दरभाउपत्र फाराम साथ धरौटी वापतको रकम (नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५% र विदेशी नागरिक भए कबोल गरेको अङ्कको १०%) ले हुने रकम यस न.पा.को नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा वैंक नेपाल लि. चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं २८९०१४०००००१३०

जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिनको म्याद भएको रितपुर्वकको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

४. यस सूचना बमोजिम दर्ता हुन आएका कुनै वा सवै दरभाउपत्र कुनै कारण जनाइ वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा हुनेछ ।

५. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०%, दोश्रो किस्ता ५०% हुने गरी विभाजन गरिनेछ । किस्ता वापतको रकममध्ये पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा र दोश्रो किस्ता जेठको २० गते भित्र बुझाउनु पर्नेछ । एकमूष्ठ रकम वुझाउन चाहनेले मूल्य अभिबृद्धि करको रकम सहित एकमूष्ठ रकम बुझाउंदा कवोल अंकमा मू.अ.करको रकम कटाई बाँकी रकममा १०% ले हुन आउने रकम छुट दिइनेछ ।

६. स्वीकृत दरभाउपत्र दाताले आफूले बुझाउनु पर्ने रकमका लागि पहिलो किस्ता नगदै बुझाई दोश्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०८० साल भाद्र मसान्तसम्म कायम रहने नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैकको जमानत, सम्झौता गर्दाको बखतमा नै पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ । उक्त अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार कारबाही अगाडी बढाईने छ ।

८. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट अभिलेख रहने गरी प्रमाणित गराएरमात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिने छ । साथै नगदी रसिदको नमूना नगरपालिकाबाट उपलब्ध गराइने छ ।

९. कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१०. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखि कर संकलन गर्न पाइने छैन, ढाट वा तगारो राखेको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

११. धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

१२.नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आय कर मू.अ.कर लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने जिम्मेवारी सम्बन्धित ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१३. यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिने छ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदारले व्यहोर्नु पर्नेछ ।

१४.सम्बन्धित कर संकलनका लागि नगरपालिकाद्धारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर र दस्तुर उठाउन पाइने छैन । यस ठेक्का सम्झौता भएको मितिबाट आ.व. २०७९।८० को भाद्र मसान्त सम्म कायम रहनेछ ।

१५. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसमा छलफलद्धारा समाधान गरिनेछ । त्यस्तो छलफल बाट सहमति हुन नसकेमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो को पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१६. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१७ नगरपालिकाको कार्यालयको सिफारिस बढीमा १०००।- (एकहजार ) ट्रक, ट्रिपर ढुङ्गा गिट्टी, मिक्स गिट्टी, आदि सम्बन्धित ठेकेदारले उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराएको सामाग्रीको हुने रकम ठेकेदारले मिनाहाको लागि दाबी गर्न पाउने छैन ।

१८ नदीबाट ढुङ्गा, गिट्टी उत्खनन् गर्दा प्रचलित ऐन, कानून अनुगमन समितिको निर्देशनमा साथै नदीको प्राकृतिक बहाबलाई प्रतिकूल असर नहुने गरी नदीको channelling गरेर मात्र उत्खनन गर्ने ।

१९ यस ठेक्काको न्यूतनम ठेक अंक स्वीकृत प्रतिवेदन ले निर्धारण गरिएको परिणामको आधारमा २०८० जेष्ठ मसान्त सम्मका लागि हुने गरि कायम गरिएको जानकारी गराइन्छ ।

२० कबोल गरेको अंक वापतको रकम यस कार्यालयलाई बुझाउँदा चेकबाट कारोबार गर्न पाइने छैन ।

२१ ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले मू.अ.कर समेत कार्यालयमा बुझाउनु पर्नेछ ।

२२ बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

२३. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

२४. नेपाल सरकार वा अन्य निकायको कालो सुचीमा परेको व्यक्ति वा फर्मले दरभाउपत्रमा भाग लिन पाउने छैन ।

२५ नगरपालिकालाई गत विगतमा कुनै रकम तिर्नु बुझाउनु बाँकी बक्यौता रहेको, बेरुजु कायम भै फर्छ्यौटको ताकेतामा परेको तर फछर्यौट नगरेको व्यक्ति वा यस्ता व्यक्ति संचालक भएको फर्म समेत दरभाउपत्रमा भाग लिन अयोग्य हुनेछ ।